सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००४७७
फ्याक्स : ९७७-१-४२११८७७
E-mail:
info.pmep.np@gmail.com

**नेपाल सरकार**
**श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**(प्रधानमन्त्री रोजगार कार्यक्रम)**

च.नं. १५०

मिति २०७७।०१।१४

**विषय :सशर्त अनुदानको रकम कार्यन्वयन एवं खर्च गर्ने सम्वन्धमा**

श्री स्थानीय तह सवै
(मार्फत: संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय)

प्रस्तुत विषयमा आर्थिक वर्ष २०७६।७७ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना कार्यन्वयन गर्ने सन्दर्भमा च.नं ९७ मिति २०७६।११।१ को पत्र मार्फत स्थानीय तहलाई शसर्त अनुदान रकम पठाइएको व्यहोरा विदीतै छ । यसरी प्राप्त भएको अनुदान रकम तल उल्लिखीत शर्तको अधिनमा रही कार्यन्वयन एवं खर्च गर्नुहुन (माननीय मन्त्रीस्तर) मिति २०७६।१२।१९को निर्णयानुसार अनुरोध छ ।

सशर्त अनुदान कार्यन्वयनका शर्तहरु

१. गाउँपालिका र नगरपालिकाले आवेदन दिने व्यक्तिहरुमध्येबाट बेरोजगार पहिचान गरेका व्यक्तिहरुको विवरण रोजगार व्यवस्थापन सूचना प्रणाली EMISमा प्रविष्ट गर पश्चात मात्र आयोजना सन्चालन गर्नु पर्नेछ ।

२. सूचिकृत बेरोजगार व्यक्तिलाई रोजगारी सुनिश्चित गर्ने गरी आयोजनामा खटाउनु पर्नेछ ।

३. रोजगार व्यवस्थापन सूचना प्रणाली EMIS मा प्रविष्ट भएका सूचिकृत बेरोजगार व्यक्तिहरुको प्राथमिकिकरण गरी निजहरुलाई लाभग्राही परिचयपत्र जारी गरेर मात्र काममा खटाउनु पर्नेछ र सोको अभिलेख समेत रोजगार व्यवस्थापन सूचना प्रणाली EMIS मा राख्नु पर्नेछ ।

४. प्रत्येक आयोजनाको लागत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना( सन्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ६ बमोजिम हुनु पर्नेछ ।

५. आयोजना सन्चालन गर्दा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना ( सन्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ५ बमोजिमका क्षेत्र बाहेकका आयोजनाहरु कार्यान्वयन गर्न पाइने छैन ।

६. कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सन्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ मा उल्लेखित आधारहरु बमोजिम मन्त्रालयले स्थानीय तहहरुबाट प्राप्त

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००४७७
फ्याक्स : ९७७-१-४२११८७७
E-mail:
info.pmep.np@gmail.com

## नेपाल सरकार
## श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## (प्रधानमन्त्री रोजगार कार्यक्रम)

आयोजनाहरुको प्राथमिकिताक्रम निर्धारण गरेकोछ । सो विवरण प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइड www.pmep.gov.np प्रकाशन गरिएको छ । सो प्राथमिकतामा परेका आयोजनाहरु सम्बन्धित स्थानीय तहको कार्यपालिकाबाट निर्णय गरी क्रमशः कार्यान्वयन गर्दै जानु पर्नेछ ।

७. बुँदा (६) बमोजिम निर्णय गर्दा प्राथमिकताक्रममा परेका बहुसंख्यक सूचिकृत बेरोजगार व्यक्ति र प्राथमिकताक्रममा परेका आयोजना फरक फरक वडामा पर्न गएमा त्यस्ता बहुसंख्यक सूचिकृत बेरोजगार व्यक्तिहरुलाई काममा खटाउने गरी कार्यपालिकाको निर्णयबाट त्यस भन्दा तल्लो प्राथमिकताक्रममा रहेका आयोजनाहरु समेत कार्यान्वयन गर्न सकिनेछ ।

८. आयोजनाको लागत अनुमान स्वीकृत गर्ने, बजेट खर्च गर्ने, लेखापरीक्षण गराउने कार्य प्रचलित कानून बमोजिम स्थानीय तहले गर्नु पर्नेछ ।

९. अन्य व्यवस्था कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम हुनेछ ।

१०. यी संशोधित शर्तहरू यस अगाडि शसर्त अनुदान बाँडफाँड गरी पठाईएका स्थानीयतहमा समेत समान रूपमा लागू हुनेछन् ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

**बोधार्थ**
श्री अर्थ मन्त्रालय,वजेट तथा कार्यक्रम महाशाखा
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर काठमाडौ